जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २२९ २०८० साल बैशाख १ गते शुक्रबार (14 Apr. 2023 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : वर्ष २०७९ : आर्थिक प्रतिकूलताको. ३ पृष्ठमा : वर्ष २०७९ : निर्वाचनको ... ३ पृष्ठमाम्यान्मा सैनिक हवाई हमला:...

# जिप्रका सप्तरीले सार्वजनिक बिदाका दिन पनि सेवा प्रवाह गर्ने




**दैनिक समाचारदाता**
**राजविराज ३० चैत ।**

बि.स. २०८० सालमा सरकारले दिने सार्वजनिक बिदाका दिन पनि जिल्ला प्रशासन कार्यालय सप्तरीले जनतालाई दिइने सेवाहरु प्रवाह गर्ने जनाएको छ ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाद्वारा बिहीबार जारि सूचनामा सार्वजनिक बिदाका दिन पनि नागरिकता, राहदानी तथा राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा जिल्ला प्रशासन कार्यालय सप्तरीबाट प्रवाह हुने जनाइएको छ ।

सरकारले २०८० सालमा उभौली पर्व-चण्डी पूर्णिमा (बैशाख पूर्णिमा), रक्षाबन्धन, श्रीकृष्ण जन्मष्टमी, घटस्थापना, क्रिसमस डे, उद्योली पर्व, योमरी पुन्ही-ज्यापु दिवस (धान्य पूर्णिमा), ल्होसार, माघी पर्व/माघे संक्रान्ति, सेनाम ल्होसार, महाशिवरात्री, ग्याल्पो ल्होसार, ईद, बकर ईद, गणतन्त्र दिवस, जनयुद्ध दिवस, राष्ट्रिय प्रजातन्त्र दिव, अन्तराष्ट्रिय महिला दिवस, बुद्ध जयन्ती र पृथ्वी जयन्तीका दिन दिने सार्वजनिक बिदामा पनि प्रशासन कार्यालयबाट तीनै वटा सेवा प्रवाहा हुने जारि सूचनामा उल्लेख छ ।

# जेठानीले देउरानीमाथी उम्लिएको पानी खन्याइन्

**दैनिक समाचारदाता**
**राजविराज ३० चैत ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ५ जोगिनियाँमा जेठानीले देउरानीमाथी उम्लिएको पानी खन्याएकी छन् ।

जेठानी उर्मिला देवी चौधरीले देउरानी रिन्जुकुमारी चौधरीको शरीरमा भकभकी उम्लिरहेको तातो पनी खन्याइएपछि गम्भिर घाइते भएकी छिन् ।

२५ वर्षिया रिन्जुमाथी बुधबार राती ८ बजेतिर ३० वर्षिया जेठानी उर्मिलाले खाना पकाउने क्रममा विवाद हुँदा जिउमा चुल्होमा तात्दै गरेको पानी खन्याएको प्रहरीले जनाएको छ ।

उनको टाउँको, अनुहार, छाती लगायत शरीरको विभिन्न भागमा पोलेको उपचारमा संलग्न चिकित्सकहरुले बताएका छन् । घरायसी विवादमा जेठानीले त्यस्तो कदम चालेको खुल्न आएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेशकुमार सिंहले जानकारी दिए ।

घाइते रिन्जुको धरानस्थित विपी कोइराला विज्ञान स्वास्थ्य प्रतिष्ठानमा उपचार भइरहेको छ । घटनापछि जेठानी फरार रहेको र खोजिकार्य भइरहेको प्रहरीले जनाएको छ ।

# पोखरीमा डुबेर नाबालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज ३० चैत ।**

सप्तरीको रुपनी गाउँपालिकामा ११ महिने नाबालकको मंगलबार पोखरीमा डुबेर ज्यान गएको छ ।

वडा नं. ४ छपकी भलोल टोल निवासी देवचन्द्र मुखियाको ११ महिने छोरा राज मुखिया पोखरीमा खेल्ने क्रममा डुबेको प्रहरीले जनाएको छ ।

पोखरीमा डुबेर घाईते भएका नाबालकलाई छिन्नमस्ता अस्पताल राजबिराजमा उपचारका लागि भर्ना गरिएको उपचारकै क्रममा क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

उक्त घटना वारे थप अनुसन्धान कार्य गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# तिलाठी र छिन्नमस्तामा लाखौंको चोरी

**दैनिक समाचारदाता**
**राजविराज ३० चैत ।**

सप्तरीको विभिन्न ग्रामिण भेगमा अहिले चोरीका घटनाहरु

*बाँकी अन्तिम पृष्ठमा*

# रुपनी गाउँपालिकाले सिंचाईका लागि प्रयोग हुने विद्युत महसुल तिरिदिने

**दैनिक समाचारदाता**
**राजविराज ३० चैत ।**



सप्तरीको रुपनी गाउँपालिकाले किसानद्वारा सिंचाईका लागी प्रयोग गरिने विद्युतको महसुल तिरि दिने निर्णय गरेको छ ।

पालिका र विद्युत प्राधिकरणबीच किसानहरुले सिंचाई प्रयोजनका लागी प्रयोग गर्ने विद्युतको महसुल गाउँपालिकाले तिर्ने सम्झौता भएको पालिका अध्यक्ष दिनेश यादवले जानकारी दिएका छन् ।

गाउँपालिका भित्र संचालित सिंगल फेज कृषि मिटरको सबै किसानको मासिक खपत विद्युत महसुल गाउँपालिका कार्यालयले नै व्यहोर्ने निर्णय भएको अध्यक्ष यादवले जानकारी दिए ।

किसानलाई राहत र प्रोत्साहन प्रदान गर्न गत फागुन ३ गते नै वसेको पालिकाको विशेष गाउँसभाबाट यस्तो निर्णय भएको अध्यक्ष यादवले बताए । यो सुविधा प्राप्त गर्न किसानले सम्झौता लागु हुनु पुर्वको २०७९ माघ सम्मको आफ्नो बक्यौता भने चुक्ता गरेको हुनु पर्ने लेखा अधिकृत श्याम सुन्दर यादवले बताएका छन् ।

यो सुविधा पाउन किसानले नागरिकता प्रमाण पत्र र लालपुर्जाको प्रतिलिपी तथा सम्बन्धित वडाको वडाअध्यक्षको सिफारिस समेत पेश गर्नु पर्ने उनले बताए ।

गाउँपालिका अध्यक्ष यादवले आफूहरु निर्वाचनका वेलामा जनताको बीच गरेको प्रतिवद्धता बमोजिम गाउँवासीलाई राहत र सुविधा दिन क्रमिक रुपमा विभिन्न योजना अघि सारेको बताएका छन् । ६ वटा वडा रहेको सो पालिकामा झण्डै ४ हजार परिवार कृषि पेशामा संलग्न रहेका छन् ।

**हार्दिक शुभकामना**

नव वर्ष २०८० को सुखद अवसरमा समस्त ग्राहकवर्ग, बिज्ञापनदाता, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजविराज दैनिक
परिवार

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०८० को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
अध्यक्ष एवं
जन ज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०८० को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष एवं
जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज, परिवार

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०८० को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुधन प्रसाद गुप्ता**
अध्यक्ष एवं
नेपाल सहकारी संस्था लि.
राजविराज, परिवार

## सम्पादकीय

# नयाँ वर्षमा नयाँ सोचका साथ अगाडी बढौं

बिक्रम सम्वत् २०८० साल आजदेखी सुरु भएको छ। नयाँ बर्षमा प्रवेश गरेसँगै नयाँ सोचको आवश्यकता छ। तीन वर्ष अघि कोरोना महामारीका कारण सम्पूर्ण विश्व त्रासमा रहेको थियो। तर, अहिले अवस्था साम्य भएपनि कोरोना महामारीको त्रास पूर्ण रुपले समाप्त भएको छैन्। समयचक्र सँगै कोरोनाको त्रास पनि मानिसहरुले बिस्तारै भुल्न थालेका छन्। र जनजिवन सामान्यतर्फ उन्मूख भइरहेको छ। यद्दपी नेपालमा कोरोनाको त्रास सामान्य भएपनि अर्थतन्त्र भने कमजोर बन्दै गएको छ।

आजदेखी सुरु भएको नयाँ वर्षसँगै अर्थतन्त्रमा सूधारका लागि सरकारले पहल थाल्नु आवश्यक छ। यस्तै मुलुकमा उपनिर्वाचनको माहोलले पुनः राजनीतिक बृत तातिएको छ। तीन स्थानमा हुन गइरहेको उपनिर्वाचनका कारण अहिले राजनीतिमा स्थितरता आउन सकेको छैन्। गत वर्ष बैशाख महिनामै स्थानिय तहको निर्वाचन सम्पन्न भएको थियो। र मंसिर महिनामा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन। यी दुबै निर्वाचन भएपनि मुलुक अहिले पनि स्थिर हुन सकेको छैन्। स्थायी सरकार रहेपनि अर्थतन्त्र कमजोर बन्दै जाँदा मुलुक अस्थिर अवस्थामा छ। जेहोस् नयाँ वर्षमा नयाँ जोश र जागरका साथ मुलुकमा स्थिर सरकारले अर्थतन्त्रलाई पनि स्थिर अवस्थामा ल्याई जनतालाई यसबाट राहत दिलाउनु पर्ने संकल्पका साथ अगाडी बढ्नु पर्ने आवश्यकता छ।

अन्तमा नव बर्ष २०८० ले मुलुकको राजनीतिक तथा आर्थिक अवस्थामा सुधारको शुभकामनासहित सम्पूर्ण पाठक, बिज्ञापनदाता, शुभचिन्तक, जिल्लाबासी एवं देशबासीमा सुस्वास्थ्य, दिर्घायु, सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

# वर्ष २०७९ : आर्थिक प्रतिकूलताको वर्ष

काठमाडौं, ३० चैत (रासस)।

वर्ष २०७९ उत्तरार्धमा छ। यो वर्षसँगै दशक पनि सकिँदैछ। सत्तरीको दशकले हामीलाई एक संविधान, दुई स्थानीय तह/प्रादेशिक निर्वाचन, तीन तहका सरकारलगायत केही महत्वपूर्ण उपलब्धि छोडेर गयो। सात प्रदेश र सात सय ५३ पालिकासहितको सङ्घीय व्यवस्था कार्यान्वयनमा आयो। गोर्खा भूकम्प, नाकाबन्दी, विश्वव्यापी कोभिड-१९ महामारीजस्ता विपत्ति र प्रकोप हामीले खेप्यौं। राजनीतिक, आर्थिक, प्रशासनिक, सामाजिक अनेक दृष्टिले यो वर्ष मात्र होइन दशकै प्रतिकुलतामा बित्यो।

खराब विश्व अर्थतन्त्रका बाछिटा नेपालमा पनि नराम्रोसँग देखिए। कोभिड-१९ को प्रतिकूलता सम्हालिन नपाउँदै रुस-युक्रेन युद्धको प्रभावले विश्व अर्थतन्त्रलाई नराम्रोसँग गाँज्यो। बाह्य क्षेत्रको प्रतिकूलता नेपालको अर्थतन्त्रमा पनि स्वभाविक रुपमा देखियो। आर्थिक सूचक खल्बलिए। लिइएका लक्ष्यहरु पूरा भएनन्। राष्ट्रिय अर्थतन्त्र धर्मरायो। जनजीवन प्रभावित बन्यो। विदेशी मुद्रा सञ्चितिमा चाप, तरलता अभाव, चर्को ब्याजदर, उच्च मूल्यवृद्धि, खस्किँदो सरकारी राजस्व, न्यून विकास खर्च, आकाशिदो बजेट वैदेशिक व्यापार घाटालगायतका अनेकौं समस्या अर्थतन्त्रमा देखिए।

सन्तुलित वित्तीय र मौद्रिक व्यवस्थापनमा सरकार चुक्यो। अर्थतन्त्रका तीनवटै स्तम्भ- सरकारी, निजी र सहकारी क्षेत्र) खल्बलिए। समग्र आर्थिक क्षेत्र नै धराशायी बन्यो। केही आर्थिक घटना र परिदृश्य पनि यसवर्ष चर्चामा रहे। करका दर हेरफेरमा अनधिकृत व्यक्तिको प्रवेश, नेपाल राष्ट्र बैंकको स्वायत्ततामाथि राजनीतिक हस्तक्षेप, बैंक तथा वित्तीय संस्थाविरुद्धको आन्दोलनलगायतका घटना र प्रकरण घटे। जसकारण सदन, सडक, सञ्जालको माहोल गर्माइरह्यो।

**बजेटमा लेखनमा विवाद**

चालु आर्थिक वर्षको बजेट लेखनका क्रममा अनधिकृत व्यक्तिको संलग्नताको चर्चाले बहस निम्त्यायो। यसका लागि छानबिन गर्न २०७९ असार २२ गते संसदीय छानबिन समिति नै गठन भयो। समिति गठन भएकै दिन अर्थमन्त्री तत्कालिन अर्थमन्त्री जनार्दन शर्माले पदबाट राजिनामा दिनुभयो।

'आर्थिक वर्ष २०७९/८० को आर्थिक विधेयकमा करका दरहरू हेरफेर गर्ने सन्दर्भमा अनधिकृत व्यक्ति प्रवेश गरेको' बारे अध्ययन गर्न गठित संसदीय समितिले त्यसको प्रमाण जुटाउन सकेन र साउन १५ मा अर्थमन्त्रालयमा शर्माको पुनर्बरहाली भयो।

**गभर्नर पुनर्बरहाली**

गभर्नर निलम्बन र पुनर्बरहाली प्रकरण पनि यसवर्ष निकै चर्चामा रह्यो। विसं २०७८ चैत २४ मा मन्त्रिपरिषद्ले 'नेपाल राष्ट्र बैंकका गभर्नरलाई पदमुक्त गर्न पुरुषोत्तम भण्डारीको अध्यक्षतामा जाँचबुझ समिति गठन गर्ने' निर्णय गर्‍यो। सर्वोच्च अदालतका पूर्वन्यायाधीश भण्डारीको नेतृत्वमा तीन सदस्यीय छानबिन समिति गठन भएसँगै गभर्नर महाप्रसाद अधिकारी निलम्बनमा पर्नुभयो।

सरकारको उक्त निर्णयविरुद्ध सर्वोच्च अदालत पुग्नुभएका अधिकारीलाई २०७९ वैशाख ६ गतेको सर्वोच्चको अल्पकालिन अन्तरिम आदेशले काममा फर्किन भन्यो। अदालको अल्पकालीन आदेशअनुसार अधिकारी वैशाख ७ गते गभर्नरको जिम्मेवारीमा फर्किनुभयो।

**बाह्य क्षेत्र प्रभावित, केहि वस्तु आयातमा बन्देज**

यो वर्षको सुरुवातबाटै बाह्य क्षेत्रमा निकै सङ्कट देखियो। शोधनान्तरस्थिति र विदेशी मुद्रा सञ्चितिमा निकै ठूलो चाप देखियो। सरकारसँग भएको विदेशी मुद्रा सञ्चितिले करिब सात महिना बराबरको मात्रै आयात धान्नसक्ने अवस्था भएपछि २०७९ वैशाख १३ गतेको मन्त्रिपरिषद् बैठकले 'कम आवश्यक, विलासीजन्य र स्वास्थ्यमा नकारात्मक असर पार्ने चुरोट तथा सुर्तीजन्य वस्तुलगायत विभिन्न १० प्रकारका वस्तुको आयातमा पूर्ण बन्देज लगाउने' निर्णय गर्‍यो।

कुरकुरे, कुरमुरे, मदिरा, चुरोट तथा सुर्तिजन्य तयारी वस्तु, हीरा, अमेरिकी डलर छ सयभन्दा बढीका मोबाइल सेट, ३२ इन्चभन्दा माथिका रङ्गिन टिभी, जीप, कार तथा भ्यान, दुई सय ५० सिसीभन्दा बढीका मोटरसाइकल, सबै प्रकारका खेलौना र तासको आयातमा प्रतिबन्द लगाइएको थियो। यी विभिन्न १० वस्तुमा गत भदौ १४ गतेसम्म आयातमा पूर्ण बन्देज लगाइयो। भदौ १४ गतेबाट मदिरा, अमेरिकी डलर तीन सयभन्दा माथिका स्मार्टफोन, जीप, कार तथा भ्यान, र एक सय ५० सिसीभन्दा माथिका मोटरसाइकलबाहेक अन्य वस्तुको आयात प्रतिबन्ध फुकुवा गरियो। गत मङ्सिर २५ गतेको मन्त्रिपरिषद् बैठकले ती चार वस्तुको आयातमा लगाएको बन्देज पनि फुकुवा गर्‍यो।

**लक्ष्यको तुलनामा राजस्व पाँच दशकयताकै न्यून**

चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन सार्वजनिक गर्दै गत माघ २९ गते तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले यसवर्ष लक्ष्यको तुलनामा सरकारी राजस्व वृद्धिदर पछिल्लो ५५ वर्षयताकै कमजोर रहेको उल्लेख गर्नुभयो। अर्थमन्त्रालयका अनुसार यसवर्ष राजस्व वृद्धिदर आर्थिक वर्ष २०२४/२५ कै न्यून हो। चालु आर्थिक वर्षका लागि सरकारले रू १४ खर्ब तीन अर्ब १४ करोड ७० लाख बराबर राजस्व उठाउने लक्ष्य राखेको थियो। चैत २५ गतेसम्म लक्ष्यको ४५ दशमलव ६४ प्रतिशत अर्थात् रू छ खर्ब ४० अर्ब ४४ करोड बराबर उठेको छ। न्यून राजस्व उठेकै कारण सरकारले अर्धवार्षिक समीक्षामार्फत् बजेटको आकारसमेत घटाउने निर्णय गर्‍यो।

सुरुवाती विनियोजनको तुलनामा बजेटको आकार रू दुई खर्ब ४४ अर्ब बराबरले घटाएको छ। चालु आर्थिक वर्षमा कूल सरकारी खर्च रू १७ खर्ब ९३ अर्ब ८३ करोड बराबर हुने सुरुवाती अनुमान रहेकोमा त्यसलाई घटाएर रू १५ खर्ब ४९ अर्ब ९९ करोड कायम गरिएको छ। जुन सुरुवाती विनियोजनको तुलनामा १४ प्रतिशतले कम हो।

त्यस्तै, सरकारी राजस्व निकै कम उठेपछि सरकारले सार्वजनिक खर्च कटौतीको निर्णय लियो। गत माघमा सरकारले विभिन्न शीर्षकमा २० प्रतिशत खर्च कटौतीको निर्णय गर्‍यो। इन्धन, मर्मतसम्भार, पत्रपत्रिका, कार्यालय सामग्रीलगायतका विभिन्न शीर्षकमा बजेट कटौती गर्दा करिब रू २५ अर्ब बराबर जोगिएको अर्थ मन्त्रालयको दाबी छ।

**तरलता अभाव, चर्को ब्याजदर र बैंक विरुद्धको आन्दोलन**

यसवर्ष बैंक तथा वित्तीय संस्थाको ब्याजदरविरुद्ध निजी क्षेत्र आन्दोलित भयो। निजी क्षेत्रका छाता सङ्गठनहरु मात्र होइन मोफसलका व्यवसायीले पनि बैंक ब्याजदरविरुद्ध सडक आन्दोलन गरे। साना ऋणीले पनि त्यसमा ऐक्यबद्धता जनाए। बजारमा तरलता अभावका कारण बैंक वित्तीय संस्थाले थप कर्जा विस्तार गर्न नसक्ने अवस्था सिर्जना भयो। कर्जाको ब्याजदर बढेर १५ प्रतिशतसम्म पुग्यो। पछिल्लो समय ब्याजदर केही घटेको छ। लघुवित्त संस्थाहरुले प्रवाह गरेको कर्जाबारे पनि यसवर्ष निकै ठूलो प्रश्न उठ्यो। चर्को ब्याजदर र सेवाशुल्क लिएर ऋण दिने गरेका लघुवित्तले कर्जा असुली गर्दा अनावश्यक दुःख दिएको भन्दै पीडितहरु आन्दोलित भए। यसबारे नेपाल राष्ट्र बैंकले अध्ययन समिति बनाए पनि पीडितहरुको आन्दोलन केही मत्थर भएको छ।

**पाँच वर्षदेखि रोकिएको पिपीए खुलाउने निर्णय**

नेपाल विद्युत् प्राधिकरणको गत माघ २६ गतेको सञ्चालक समिति बैठकले नदी प्रवाहमा आधारित (आरओआर) जलविद्युत् आयोजनाको थप एक हजार पाँच सय मेगावाटसम्म विद्युत् खरिद (पीपीए) गर्ने निर्णय गर्‍यो। ऊर्जा समिश्रण (इनर्जी मिक्स) नीति कायम गर्ने भन्दै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय तथा विद्युत् प्राधिकरणले जलाशय, अर्धजलाशय र नदी प्रवाहमा आधारित आयोजनाका लागि पीपीएको कोटा तोकिदिएको थियो। आरओआर आयोजनाका लागि तोकिएको पाँच हजार दुई सय ५० मेगावाटको पीपीए सीमा सकिएपछि पछिल्लो पाँच वर्षदेखि यो रोकिएको थियो। पीपीएका लागि हाल प्राधिकरणमा करिब ११ हजार मेगावाट बराबरका आयोजनाको आवेदन परेको र पहिला निवेदन दिने आयोजनालाई प्राथमिकता दिएर पीपीए गरिने प्राधिकरणले जनाएको छ।

**भैरहवा र पोखरा विमानस्थल सञ्चालन**

यसवर्ष राष्ट्रिय गौरवका दुईवटा आयोजना सञ्चालनमा आए। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल २०७९ वैशाख ८ र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पुस १७ गतेबाट सञ्चालनमा आए। यो यसवर्षको पर्यटन र हवाई क्षेत्रको मात्र नभई समग्र पूर्वाधार क्षेत्रको महत्वपूर्ण सफलता हो। यद्यपि अन्तर्राष्ट्रिय उडानका लागि दुवै विमानस्थलको प्रयोग निकै कम छ।

**औसत पुँजीबजार**

यो वर्ष पुँजी बजारका लागि औसत रह्यो। विसं २०७९ सुरु हुँदा नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दुई हजार चार सय बिन्दुमाथि थियो। वर्षान्तमा नेप्से दुई हजार बिन्दुभन्दा तल छ। गत असोज ९ गते नेप्से एक हजार आठ सय १५ को बिन्दसम्म झरेको थियो

**नेपाल अतिकम विकसित मुलुकको अध्यक्ष**

सन् २०२६ सम्ममा अतिकम विकसित मुलुकबाट स्तरोन्नति भइसक्ने लक्ष्य राखेको नेपाल अहिले यस्ता मुलुकहरुको अध्यक्ष राष्ट्र हो। न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा आयोजित एक समारोहका बीच नेपालले चैत २३ गते अध्यक्षता ग्रहण गरेको हो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# वर्ष २०७९ : निर्वाचनको वर्ष

काठमाडौं, ३० चैत (रासस)।

स्थानीय तहका जनप्रतिनिधिदेखि राष्ट्रप्रमुखसम्मको निर्वाचन सम्पन्न भएको वर्ष-२०७९ राजनीतिक दलको सम्बन्ध पनि उतारचढावपूर्ण वर्षका रूपमा रह्यो।

वर्ष-२०७९ बिदा हुँदै गर्दा आउँदो २०८० वैशाख १० गते प्रतिनिधिसभाका रिक्त तीन ओटा निर्वाचन क्षेत्रमा उपनिर्वाचन तयारी भइरहेको छ। गत वैशाख ३० गतेको स्थानीय तहको निर्वाचनबाट आरम्भ भएको चुनावीयात्रा यस वर्षका लागि चैत ३ गते उपराष्ट्रपतिको निर्वाचनसँगै सकिएको थियो।

नेपालको संविधानको प्रस्तावनामा उल्लिखित प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, जनतामा निहित सार्वभौमसत्ता, संघीय लोकतान्त्रिक गणतन्त्र, मानवअधिकार, नागरिक स्वतन्त्रता, वालिग मताधिकार र आवधिक निर्वाचनलाई संस्थागत गर्न निर्वाचन एक महत्वपूर्ण आधारस्तम्भ मानिन्छ।

नेपालको संविधान एवं कानूनले स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा जनताले आफ्नो मताधिकारबाट जनप्रतिनिधि छनोट गर्ने अधिकार सुनिश्चित गरेको सन्दर्भमा प्रत्येक वालिग नेपाली नागरिकलाई निर्वाचन प्रक्रियामा सहभागी हुने, मतदान गर्ने, निर्वाचनसम्बन्धी सूचना प्राप्त गर्ने तथा हरेक नागरिकले छान्ने र छानिने अधिकारको प्रत्याभूति गर्न निर्वाचन वर्ष सार्थक रह्यो।

निर्वाचनलाई समग्र सञ्चालन र व्यवस्थापनमा निर्वाचन आयोग क्रियाशील रहँदै आएको छ भने विभिन्न तहका सरकार, राजनीतिक दल, उम्मेदवार, प्रतिनिधि, सुरक्षाकर्मी, मतदाता, सञ्चार क्षेत्र, पर्यवेक्षक, अन्तर्राष्ट्रिय समुदायलगायत सबैको निर्वाचनमा सकारात्मक साथ र समन्वय रहेको पाइयो। त्यही सहयोग र समन्वयका कारण वैशाख ३० गतेको स्थानीय तह र मङ्सिर ४ गतेको प्रतिनिधिसभा र प्रदेशसभाका निर्वाचन मुलुकभर एकै चरणमा सम्पन्न भए। नेपालको निर्वाचन इतिहासमा विसं २०५६ पछि एकै चरणमा निर्वाचन भएको यो नै पहिलो मानिएको छ।

निर्वाचनबाट तोकिएका पदमा जनप्रतिनिधि निर्वाचित कार्यभार सम्हालेसँगै राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा नयाँपन देखिएको छ। यसै वर्ष माघ २५ गते लुम्बिनी प्रदेशको रिक्त एक सदस्यका लागि राष्ट्रियसभाको उपनिर्वाचन भयो भने फागुन २५ गते राष्ट्रपतिको निर्वाचन भई नयाँ राष्ट्रपतिमा रामचन्द्र पौडेल चैत ३ गते उपराष्ट्रपतिको निर्वाचन भई रामसहायप्रसाद यादव निर्वाचित हुनुभयो। त्यसो त यही वर्ष विश्वविद्यालयहरूमा स्वतन्त्र विद्यार्थी निर्वाचन, नेपाल उद्योग वाणिज्य महासङ्घको अधिवेशन र अन्य नागरिक क्षेत्रका राष्ट्रिय संस्थाका आफ्ना नियमित अधिवेशन भई नयाँ नेतृत्व चयन भएका छन्।

स्थानीय तह निर्वाचन, प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा तत्कालीन सत्ता गठबन्धनमा आवद्ध (नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी)लगायत) दलको चुनावी तालमेल भयो। प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा पनि सत्ता गठबन्धनमा विवाद भइ जनता समाजवादी पार्टीले प्रमुख प्रतिपक्षी नेकपा (एमाले)सँग गठबन्धन गर्न पुग्यो।

निर्वाचनमा कुनै पनि दलको बहुमत नआएपछि दलहरूबीच कुन गठबन्धनबाट को प्रधानमन्त्री बन्ने भन्ने होड चल्यो। नेपाली कांग्रेस र माओवादी केन्द्रसहितको गठबन्धनमा सहमति नजुटेपछि एकाएक एमाले र माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी र निर्वाचनमा नयाँ शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीसहितको गठबन्धनमा गत पुस १० गते विभिन्न दलको समर्थनमा पुष्पकमल दाहाल 'प्रचण्ड' नियुक्त हुनुभयो।

यही गठबन्धनअनुसार प्रदेश सरकारमा सरकार गठन भए। यही गठबन्धनले प्रतिनिधिसभाको सभामुखमा एमालेका देवराज घिमिरेलाई निर्वाचित गर्यो तर राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा आइपुग्दा यो गठबन्धन कायम रहेन सकेन। राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनपछि कांग्रेस-माओवादीसहितको १० दलीय गठबन्धनले सरकार विस्तारको क्रम जारी छ।

आगामी वैशाख १० मा हुने उपनिर्वाचनमा पनि मूलतःयही गठबन्धनका उम्मेदवारबीच तालमेल भएको छ भने सत्ता गठबन्धनमै रहेको जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीले उपराष्ट्रपतिको निर्वाचनमा फरक उम्मेदवारलाई उठायो र वैशाख १० मा हुने उपनिर्वाचनमा पनि बारा-२ मा फरक उम्मेदवार उठाएको छ।

प्रधानमन्त्री दाहाललाई दोस्रो पटक विश्वासको मत दिएको राष्ट्रिय स्वतन्त्र पार्टी उपनिर्वाचनमा एक्लै भिड्दैछ भने उत्तल दल सरकारमा पुनः सामेल हुने नहुने स्पष्ट भइसकेको छैन।

**निर्वाचनमा सहभागिता र मौलिक अभ्यास**

नेपाल सरकारबाट २०७९ साल साउन २१ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन मिति २०७९ मङ्सिर ४ गते आइतवार देशैभर एकै चरणमा सम्पन्न गर्ने गरी मिति घोषणा भएको थियो। निर्वाचन सम्पन्न गर्न सामान्यत : १२० दिनको अवधि आवश्यक हुनेमा उपलब्ध १०७ दिनको समयसीमा उपलब्ध भएको थियो।

यस निर्वाचन अन्तर्गत प्रतिनिधिसभातर्फ पहिले हुने निर्विचित हुने निर्वाचन प्रणालीतर्फ १६५ सदस्य र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० सदस्य गरी कुल २७५ सदस्य निर्वाचित भएका छन्। प्रदेश सभातर्फ पहिलो हुने निर्विचित हुने निर्वाचन प्रणाली अन्तर्गत ३३० सदस्य निर्वाचित भएका छन् भने समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत २२० सदस्य गरी कुल ५५० सदस्य निर्वाचित भएका छन्।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनको लागि राजनीतिक दलले निर्वाचन आयोगमा निवेदन पेश गरी दल दर्ता गर्नुपर्ने संवैधानिक व्यवस्था बमोजिम दल दर्ताका लागि निवेदन पेश गर्न २०७९ भदौ १७ गतेभित्र जम्मा ८६ वटा राजनीतिक दलले निवेदन पेश गरेका थिए।

प्रतिनिधिसभा सदस्यतर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१ राजनीतिक दलले भाग लिएका थिए भने समानुपातिक निर्वाचन प्रणालीतर्फ ४७ दलले बन्दसूची पेश गरेका थिए। निर्वाचन सम्पन्न भए पश्चात् १२ राजनीतिक दलले प्रतिनिधिसभामा विजय हासिल गरेका छन्।

आयोगले अन्तिम मतदाता नामावलीमा नाम रहेका र २०७९ साल मङ्सिर ३ गते १८ वर्ष उमेर पुगेका मतदाताको संख्या एक करोड ७९ लाख ८८ हजार ५७० नामावली स्वीकृत गरेको थियो। उक्त नामावलीमा ८८ लाख ४७ हजार ५७९ (४९.१८ प्रतिशत) जना महिला ९१ लाख ४० हजार ८०६ (५०.८२ प्रतिशत) पुरुष र १८५ (०.०१ प्रतिशत) अन्य मतदाता दर्ता भएका थिए। आयोगले २०७९ भदौ ३१ गते १०८९२ मतदान स्थल र २२२२७ मतदान केन्द्र रहने गरी निर्णय गरेको थियो।

त्यसैगरी अस्थायी मतदानका लागि आयोगले १४१ अस्थायी मतदान केन्द्र तोकेको थियो भने चार लाख ५० हजार अस्थायी मतदाता स्वीकृत गरिएको थियो। निर्वाचनमा मतदाता नामावलीलाई अनलाइनबाट दर्ता, मतदानस्थलको पुनरावलोकन, निर्वाचन खर्चको वैज्ञानिक सीमा निर्धारण, निर्वाचनको अघिल्लो दिनसम्म १८ वर्ष उमेर पुगेकालाई मतदानको अधिकारलगायत दिने मौलिक काम भएका थिए।

निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ र समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा उम्मेदवार हुने व्यक्तिले सरकारी पेश्की, बेरुजु तीर्न बुझाउन बाँकी नरहेको, कुनै जिन्सी वा नगद बुझाउन बाँकी नरहेको, प्रचलित कानुन बमोजिम कुनै सरकारी निकायलाई बुझाउनुपर्ने कर, राजस्व, शुल्क, दस्तुर तिर्न बुझाउन बाँकी नरहेको भनी स्वघोषणा गर्नुपर्ने व्यवस्था गरिएको थियो।

प्रतिनिधिसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ६१ दशमलव ४१ प्रतिशत मतदान र ५ दशमलव शून्य ६ प्रतिशत बदर भएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फ ६१ दशमलव ८५ प्रतिशत मतदान भएकामा ५ दशमलव शून्य ९ प्रतिशत बदर भएको देखिएको छ। मतदानको प्रतिशत अपेक्षा गरिएभन्दा कम हुनु र पाँच प्रतिशतको हाराहारीमा मत बदर हुनुलाई शासन पद्दति र निर्वाचनप्रतिको मतदाताको सहभागिता र मतदाता शिक्षा सञ्चालनका सम्बन्धमा चुनौती देखिएका निर्वाचन समीक्षाका क्रममा उठाइएको छ।

आयोगले मङ्सिर ४ गते एकै चरणमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक प्रणालीतर्फको निर्वाचन परिणाम मङ्सिर २८ गते सार्वजनिक गरेको थियो भने मङ्सिर २९ गते मतपरिणामसहितको निर्वाचन परिणाम राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पेश गरेको थियो। यसैगरी पुस ४ गते सात वटै प्रदेशका माननीय प्रमुखसमक्ष प्रदेशगत निर्वाचन परिणामसहितको प्रतिवेदन बुझाएको थियो। यही बीचमा माघ २९ गते आयोगले आफ्नो १२औं वार्षिक प्रतिवेदन, २०७९ राष्ट्रपतिसमक्ष बुझाइसकेको छ।

**निर्वाचनको समीक्षासँगै कानुनी संशोधनको पहल**

निर्वाचन सकिएपछि निर्वाचनको नियमित चक्र सञ्चालनमा निर्वाचन आयोग लागिसकेको छ। निर्वाचनको समीक्षा गरी प्राप्त पृष्ठपोषणलाई कार्यान्वयन गराउँदै आगामी निर्वाचनको व्यवस्थापनका लागि स्थानीय तहसँगको सहकार्यलाई आयोग जोड दिएको छ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले जनप्रतिनिधिको कार्यकाल र निर्वाचनको अवधिका सम्बन्धमा आयोगले नेपाल सरकार र सम्बन्धित पक्षसँग गरेको परामर्शबाट आगामी दिनमा यस्ता विषयमा अन्योल नहुने कानुनी विवादलाई अन्त्य हुने गरी संशोधन संसद्मा पठाइने बताउनुहुन्छ। उहाँले निर्वाचनसँग सम्बन्धित गतिविधिलाई आममतदाता समक्ष पुऱ्याउन स्थानीय तहको महत्वपूर्ण भूमिका हुने भएकाले मृत्यु भएका व्यक्तिको विवरण स्थानीय तहले मात्र उपलब्ध गराउन सक्ने भएकाले आयोगलाई हरेक स्थानीय तहले मृत्यु भएकाको विवरण नियमितरूपमा उपलब्ध गराइनु र निर्वाचनका बारेमा जानकारीमूलक सन्देश एवं सूचना नियमित प्रचारप्रसार गर्ने कार्य गरिनुपर्ने जनाउनुभयो।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र भ्रष्टाचार निवारण ऐन २०४८ तथा अख्तियार अनुसन्धान दुरुपयोग आयोग ऐन २०४८ को तादाम्यता नभएको, कालो सूचीको लिष्टलाई सम्बन्धित निकायसँग समन्वय गरी आयोगको सूचना प्रविधि शाखामा नराखिएको, निर्वाचन आचारसंहिता उल्लघङन उपर परेका उजुरीमा प्रमाण सङ्कलन र स्पष्टीकरण तामेलीका सम्बन्धमा स्पष्ट नभएको जस्ता विषय आयोग एकीकृत निर्वाचन कानूनको मस्यौदामा समेट्ने आयोगको तयारी छ।

# महासंघद्वारा बजेट विनियोजनका लागि आग्रह

काठमाडौं, ३० चैत (रासस)।

नेपाल पत्रकार महासंघले आगामी आर्थिक वर्षको बजेटमा पत्रकारका मुद्दा सम्बोधनका लागि बजेट विनियोजनका लागि आग्रह गरेको छ।

महासंघका अध्यक्ष विपुल पोखरेल नेतृत्वको टोलीले बिहीबार अर्थमन्त्री डा प्रकाशशरण महत र सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मालाई छुट्टाछुट्टै भेट गरी पत्रकारका माग सम्बोधनका लागि आग्रह गरेको हो।

भेटमा आगामी आवको बजेटमा पत्रकारलाई निःशुल्क स्वास्थ्य सेवाका लागि बजेट विनियोजन गर्न माग गरिएको महासंघ अध्यक्ष पोखरेलले जानकारी दिनुभयो। उहाँका अनुसार महासंघलाई भौतिक पूर्वाधार निर्माणका

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# म्यान्मा सैनिक हवाई हमलाः एक सय तेत्तीस जना मारिए

नेपिड, ३० चैत (रासस/एएनआई)।

म्यान्माको सेनाले देशको दोस्रो ठूलो सहर मण्डले नजिकको मध्य सागिड क्षेत्रमा अवस्थित कानबालु गाउँमा मङ्गलबार गरेको हवाई हमलामा महिला र बालबालिकासहित एक सय ३३ जनाको मृत्यु भएको छ। आक्रमणमा २० जना बालबालिकाले ज्यान गुमाएका तथा ५० जनाभन्दा बढी घाइते भएका अपदस्थ राष्ट्रिय एकता सरकारका मानवअधिकारमन्त्री आङ म्यो मिनलाई उद्धृत गर्दै अमेरिकी प्रसारण संस्था केबल न्युज नेटवर्क (सिएनएन) ले जनाएको छ। दुई वर्षअघि सैन्य शाक्तिबाट देशको शासन सत्ता कब्जा गरेको सेनाले पहिलोपटक यति घातक एवम् भीषण आक्रमण गरेको हो। अहिले आक्रमणस्थलको आकाश वरपर सैनिक विमान उडिरहेका भए पनि हमला भने गरिउको छैन तर चिकित्साकर्मीलाई उक्त स्थलमा जान दिइएको छैन। संयुक्त राष्ट्रसङ्घका मानवाधिकार उच्चायुक्त भोल्कर टर्कले कैयौं स्कुले बालबालिकाले ज्यान गुमाएको घातक हवाई हमलाबाट आफू आहत भएको बताउँदै दोषीहरूलाई कारबाहीको दायरामा ल्याउन आह्वान गर्नुभएको छ।

सैनिक सरकारको विरोधमा उत्रिएकाहरूसँग हातहतियारसमेत भएकाले उनीहरूका साथै नागरिकलाई पनि लक्ष्य गरेर सेनाले हवाई आक्रमणको रणनीतिलाई व्यापक बनाएको थियो। आन्दोलन दबाउन सेनाले अन्धाधुन्ध आक्रमण गर्दै आएको छ। सन् १९४८ मा बेलायतबाट स्वतन्त्र भएको तत्कालीन बर्माको सैनिकले सोही समयदेखि क्षेत्रीय नियन्त्रणका लागि सशस्त्र जातीय समूहविरुद्ध कारवाही जारी राखेको छ। निर्मम आक्रमणका लागि परिचित म्यान्माली सैनिकको छवि इतिहासदेखि नै धुमिल छ। यसैबीच, दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान)ले कानबालुमा भएको हवाई हमलाको निन्दा गरेको छ। आसियानको वर्तमान अध्यक्ष इन्डोनेसियाले बिहीवार एक विज्ञप्ति निकालेर उक्त आक्रमणको निन्दा गरेको हो। आसियानले नागरिकहरूमाथि बल प्रयोग गर्नेलगायत सबै प्रकार हिंसा तत्काल हुनुपर्नेमा जोड दिएको छ।

# भोपाल कारागारका सात हजार कैदीले लिए डिप्लोमा

भोपाल (मध्यप्रदेश), ३० चैत (रासस/एएनआई)।

भोपालको केन्द्रीय कारागारले शिक्षामा सबैको अधिकार सुनिश्चित हुनुपर्ने मान्यतालाई आत्मसात गर्दै बितेको एक वर्षमा छ हजार नौ सय कैदीलाई निःशुल्क शिक्षाको व्यवस्था गरेको छ। सोही अवधिमा ५७ जना बन्दी कारागारबाटै स्नातकोत्तर तहको परीक्षामा सहभागी भएका छन्। भारत सरकारको 'सबैका लागि शिक्षा' अभियानअन्तर्गत केन्द्रीय कारागारले बन्दीहरूलाई अध्ययनको अवसर दिएको हो। कारागारमा रहेका छ हजार नौ सय बन्दी गत वर्ष साक्षर भएका थिए।

भोपाल केन्द्रीय कारागारका निरीक्षक राकेश भाङ्ग्रेका अनुसार गत वर्ष तीन सय कैदी स्नातक, ५७ जना स्नाकोत्तर, चार सय ६३ जना प्राथमिक शिक्षा, ९२ जना माध्यमिक र दुई सय ४३ कैदी उच्च माध्यमिक शिक्षा परीक्षामा सहभागी भएका थिए। एक सय ५८ जना महिला बन्दी पनि विभिन्न तहका परीक्षामा सामेल भएका थिए। कारागारमा दश जना महिलाले कम्प्युटर शिक्षामा दक्षता हासिल गरेका छन्। कैदीहरूलाई साक्षर बनाउन तथा उनीहरूको शिक्षाको स्तर उकास्न केन्द्र सरकारको नीतिअनुसार अध्ययनको व्यवस्था मिलाइएको निरीक्षक भाङ्ग्रे बताउँछन्। जेलमा डिप्लोमा तथा त्यसभन्दा माथिको उपाधि हासिल गरेपछि एक दिन कारागारबाट बाहिरिँदा उनीहरूको जिविकोपार्जनको माध्यम त्यही शिक्षा र सिप हुने उनी बताउँछन्।

इन्दिरा गान्धी राष्ट्रिय खुला विश्वविद्यालयका विभिन्न पाठ्यक्रममा आधारित कार्यक्रम कारागारमा सञ्चालन गरिएको जानकारी दिँदै निरीक्षक भाङ्ग्रेले ग्रामीण विकास, खाद्य तथा पोषण, एचआइभी, पारिवारिक शिक्षा, मानविकी एवम् व्यवस्थापनका स्नातक र स्नातकोत्तर कार्यक्रम सञ्चालन भइरहेका बताएका छन्। कारागारमा रहेका छ हजार नौ सय कैदीले गत वर्ष विभिन्न विधामा डिप्लोमा डिग्री हासिल गरेका बताउँदै निरीक्षक भाङ्ग्रेले अक्षर नै नचिनेका बन्दीलाई पहिचान गरी बिहान बेलुका पढाइने गरेको बताए। उनका अनुसार साक्षर कैदीलाई कक्षा १० र १२ को परीक्षा उत्तीर्ण हुने गरी सिकाइने गरेको छ। विभिन्न स्थानीय निकाय र सङ्घसंस्थासँगको समन्वयमा रिहा भएपछि उनीहरूलाई रोजगारीका अवसर प्रदान गर्ने प्रयास पनि भइरहेको उनले बताए।

# 'भारत विकासशील देशहरूको पक्षमा छ'

रोम, ३० चैत (रासस एएनआई)।

भारतका केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले बुधबार भारत 'विकासशील देशहरूको पक्षमा' रहेको तथा उनीहरूका विकासका चाहना र समस्या समाधानका निम्ति आवाज उठाउँदै आएको बताउँदै भारतले नै विश्वमा दक्षिणको प्रतिनिधित्व गरिरहेको दाबी गर्नुभएको छ। भारत र इटालीका व्यापारीहरूको उपस्थितिमा यहाँ भएको एक कार्यक्रममा मन्त्री गोयलले भारत अल्प विकसित देशहरूको उज्ज्वल भविष्यका निम्ति संसारका अन्य भागहरूमा आवाज उठाउन सक्रिय भएर लागेको दाबी गर्नुभयो। विकासको प्रक्रियामा रहेका देशलाई सघाउनुपर्छ भन्ने मान्यताका साथ भारतले विश्वमञ्चहरूमा आवाज उठाउँदै आएको उहाँले दोहोऱ्याउनुभयो।

सो अवसरमा इटालीका लागि भारतका राजदूत नीना मल्होत्राका साथै इटालीका विदेश मामिला तथा अन्तरराष्ट्रिय सहयोगमन्त्री एडमन्डो सिरिएलीलगायत उपस्थित हुनुहुन्थ्यो। मन्त्री गोयल हाल फ्रान्स र इटालीको औपचारिक भ्रमणमा हुनुहुन्छ। उहाँ नेतृत्वको प्रतिनिधिमण्डलमा साथ भारतका प्रमुख व्यापारिक प्रतिष्ठानका शीर्ष प्रमुख कार्यकारी अधिकृतहरू छन्। बुधवार पेरिसमा भएको भारत-फ्रान्स व्यापार शिखर सम्मेलन तथा प्रमुख कार्यकारी अधिकृतहरूको गोलमेच बैठकमा उहाँले भारत अवसरको खानी भएको बताउँदै त्यहाँ लगानी गरेर लाभान्वित हुन आमन्त्रण गर्नुभएको थियो। मन्त्री गोयलको यो भ्रमणबाट युरोपमा रहेका भारतका प्रमुख व्यापारिक साफेदारसँगको द्विपक्षीय सम्बन्धलाई थप गतिशील बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ।

# गहुँ दाउने तथा बारी सफा गर्ने क्रममा भएको आगलागिमा लाखौंको क्षति

**दैनिक समाचारदाता राजविराज ३० चैत ।**

सप्तरीको कंचनरुप नगरपालिका ८ गोवास टोलमा बिहीबार सुधम्बर कुसियैतको घरको अगाडी थ्रेसरबाट गहु दाउने गर्ने क्रममा आगलागि भएको छ । आगलागिबाट गाई गोठ, गहुको परालमा र घरमा समेतगरि ५ लाख ५० हजार मुल्य बराबरको क्षति भएको छ ।

आगोलाई कंचनरुप नगरपालिका, हनुमाननगर कंकालिनि नगरपालिका, राजबिराज नगरपालिकाको दमकल, नेपाल प्रहरी र स्थानिय बासीहरुको सहयोगमा नियन्त्रणमा लिइएको जिलला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै बारी सफा गर्ने क्रममा आगो लगाउँदा सो आगो सल्केर अर्कोको बारीमा समेत आगलागि भई ३ लाख भन्दा बढीको क्षति भएको छ ।

सप्तरीको शम्भुनाथ नगरपालिका १२ अर्नाहा टोल बस्ने जिज्ञानन्द साहले आफ्नो बारीको घास सफा गर्न लगाएको आगो फैलिएर छिमेकी चन्द्रनारायण चौधरीको बगैचासमेत जलेर नष्ट भई ३ लाख ५० हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

बुधबार साँझ भएको सो आगलागिबाट चौधरीको बगैचामा लगाइएको आँपको २४, सफेतीको २ सय ५० र महगनीको ७० वटा बोट नष्ट भई सो परिमाणको क्षति भएको डिएसपी नरेशकुमार सिंहले जानकारी दिए ।

# उनानचालीस दिनपछि घर फर्किइन् मन्तोरिया

धनुषा, ३० चैत (रासस) ।

जनकपुरधामको न्यूरो अस्पतालमा उपचार खर्च तिर्न नसकेर घर फर्किन नसकेर बन्धक बनेकी धनुषाको सबैला नगरपालिका-९ की मन्तोरिया देवी राय ३९ दिनपछि घर फर्केकी छिन् । अस्पतालमै बन्धक बनेकी मन्तोरियालाई सबैला नगरपालिकाकाको पहलमा घर फर्काइएको हो ।

नगरपालिकाका प्रमुख कारीराम यादवले जिल्ला प्रशासन कार्यालय धनुषासँग समन्वय गरी मन्तोरियालाई बुधबार घर फर्काइएको बताउनुभयो । नगरप्रमुख यादवले रु एक लाख सहयोग गर्नुभएको छ । बाँकी रकम सहयोगी दाताबाट सङ्कलन गरी चुक्ता गर्ने शर्तमा मन्तोरियालाई बन्धनमुक्त गराइएको उहाँले बताउनुभयो ।

सोमबार नगरप्रमुख यादव र जिल्ला प्रशासन कार्यालय धनुषाका प्रशासकीय अधिकृत किरणकुमार मिश्र अस्पताल पुगेर मन्तोरियाको अवस्थाबारे जानकारी लिनुभएको थियो । कार्यपालिकाको बैठकबाट उनलाई उपचार खर्च उपलब्ध गराउने र बन्धकमुक्त गराउन पहल गर्ने निर्णय गरेको थियो ।

गत माघ १२ गते मन्तोरियालाई मोटरसाइकलले ठक्कर दिएपछि जनकपुरधामस्थित न्यूरो अस्पताल भर्ना गरिएको थियो । अस्पतालले गत फागुन २० गते उनलाई डिस्चार्ज गरे पनि उपचार खर्न तिर्न सक्दा घर फर्किन सकेकी थिइनन । अस्पतालमा उपचारवापत रु आठ लाख ७४ हजार तिर्न बाँकी थियो । तिर्न नसकेपछि तीन छोराछोरी र वृद्ध ससुरासहित मन्तोरिया ३८ दिन बन्धक बनेकी थिइन् ।

***तिलाठी र ...***




बढ्दै गएको छ । बुधबार मध्यराती तिलाठी कोइलाडी गाउँपालिका ७ बभनगामा टोलमा चोरी भएको छ ।

स्थानिय सूर्य नारायण यादवको घरमा कोही नभएको बेला चोरी भएको हो । काम विशेषले स-परिवार घरबाहिर गएको तथा बिहीबार बिहान ४ बजेतिर फर्केर आउँदा मात्र चोरी भएको यादव परिवारले थाहा पाएका थिए ।

चोरले उनको घरको मूल गेटको ढोका र त्यसपछि बाकस फोडेर तीन तोलाको सुनको गरगहना, १४ तोला चाँदीको गरगहना तथा नगद १४ हजार रुँपैया चोरेर लगेका छन् ।

चोरले उक्त समपत्ति राखिएको बाकसबाट बहुमुल्य सरसमान झिकेर बाकसलाई घर नजिकै फालेर फरार भएको स्थानियवासीले बताएका छन् ।

यसअघि मंगलबार मध्यराती जिल्लाकै छिन्नमस्ता गाउँपालिकामा दुई वटा घरमा चोरी भएको छ । वडा नं. १ बरही विरपुरस्थित संजयकुमार यादव र जितेन्द्र कुमार यादवको घरमा राती २ बजेतिर एकै प्रकृतीको चोरी भएको हो ।

उनीहरुको घरबाट १ लाख ६० हजार नगद, सुनचाँदीका गरगहना तथा अन्य सरसामान गरि २ लाख ३१ हजार बराबरको चोरी भएको प्रहरीले जनाएको छ । बडो चलाखीपूर्ण तरिकाले गरिएको चोरी बारे घरधनीले बुधबार बिहान मात्र थाहा पाएका थिए ।

चोरले संजयको घरबाट दराज फुटाएर १ लाख ५० हजार नगद र अन्य सरसमान गरि १ लाख ५५ हजारको सम्पत्ति लगेका छन् ।

यस्तै जितेन्द्रको घरबाट दराज फोडेर ६६ हजार मुल्य बराबरको सुनचाँदीको गरगहना तथा १० मुल्य बराबरको अन्य सरसामान गरि कुल ७६ हजार बराबरीको सम्पत्ति लगेको प्रहरीले जनाएको छ ।

यता दुबै घटना बारे थाहा पाएपछि प्रहरी टोलीले अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

# उद्योग बाणिज्य महासंघको वरिष्ठ उपाध्यक्षमा अञ्जन श्रेष्ठ

काठमाडौं, ३० चैत (रासस) ।

नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्यक्षमा अञ्जन श्रेष्ठ चयन हुनुभएको छ ।

बुधबार भएको निर्वाचनको पहिलो चरणमा तीन प्रतिष्पर्धीमध्ये कसैले पनि ५० प्रतिशत मत प्राप्त नगरेपछि बिहीबार अपराह्न २ बजेका लागि दोस्रो चरणको निर्वाचन हुने तय भएको थियो । पहिलो चरणको त्रिपक्षी प्रतिष्पर्धामा अञ्जन श्रेष्ठ, उमेशलाल श्रेष्ठ र रामचन्द्र संघई हुनुहुन्थ्यो । पहिलो चरणबाट संघई बाहिरिएपछि अञ्जन र उमेशलालबीच दोस्रो चरणको निर्वाचन हुने तय भएको थियो ।

दोस्रो चरणको निर्वाचन हुनुभन्दा अघि गरिएको सहमतिको प्रयास सफल भएपछि उहाँ वरिष्ठ उपाध्यक्षमा निर्वाचित हुनुभएको घोषणा गरिएको हो । महासंघको विधानअनुसार वरिष्ठ उपाध्यक्षमा निर्वाचन हुनका लागि कम्तीमा ५० प्रतिशत मत प्राप्त गर्नुपर्छ ।

महासङ्घको बुधबार भएको निर्वाचन भएको थियो । पहिलो चरणको निर्वाचनको बिहीबार बिहान सकिएको मतगणनामा जिल्ला नगर, वस्तुगत र एसोसिएटमा खसेको कुल मतभारतमध्ये अञ्जनले सबैभन्दा धेरै ३७ दशमलव ९९ प्रतिशत मत प्राप्त गर्नुभएको थियो भने उमेशलालले ३१ दशमलव ५१ मत प्राप्त गर्नुभएको थियो । साथै संघईले ३० दशमलव ४६ मत प्राप्त गर्नुभएको थियो ।

मतपरिणाम अनुसार एसोसिएटतर्फ कुल खसेको एक हजार छ सय २० मतमध्ये संघईले छ सय १३ मत प्राप्त गर्नुभयो साथै अञ्जनले पाँच सय ७३ मत र उमेशलालले चार सय २६ मत प्राप्त गर्नुभयो । साथै आठ मत बदर भए ।

जिल्ला नगरतर्फ कुल खसेको एक सय १७ मतमध्ये अञ्जनले ४७, संघईले ३९ र उमेशलालले २८ मत प्राप्त गर्नुभयो । साथै तीन मत बदर भए । वस्तुतगतर्फ खसेको एक सय २३ मतमध्ये उमेशलालले ६९, अञ्जनले ४१ र संघईले १२ मत प्राप्त गर्नुभयो भने एक मत बदर भएको थियो ।

महासंघको विधानअनुसार हालका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल आगामी कार्यकालका लागि स्वतः अध्यक्ष हुनुहुनेछ । साथै बुधबारको निर्वाचनमा जिल्लानगर उपाध्यक्षमा सुरकृष्ण बैद्य निर्वाचित हुनुभएको छ भने एसोसिएट उपाध्यक्षमा ज्योत्सना सुब्बा श्रेष्ठ र वस्तुगत उपाध्यक्षमा हेमराज ढकाल निर्वाचित हुनुभएको छ ।

***महासंघद्वारा ...***

साथै 'न्यू मिडिया'का सञ्चालक, पत्रकार र सम्पादकहरूलाई प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनका लागिसमेत आवश्यक बजेट विनियोजन गर्नका लागि माग गरिएको छ ।

अर्थमन्त्री महतले मुलुक आर्थिक संकटको अवस्थामा रहेको र बजेट विनियोजनमा मितव्ययिता अपनाउनुपर्ने अवस्था आएको भन्दै सोही परिधिभित्र रहेर माग सम्बोधन गर्ने आश्वासन दिनुभएको अध्यक्ष पोखरेलले जानकारी दिनुभयो । सञ्चारमन्त्री शर्माले पनि माग सकारात्मक भएको भन्दै सम्बोधनका लागि आफूले प्रयास गर्ने बताउनुभएको थियो ।

भेटमा अध्यक्ष पोखरेलसहित वरिष्ठ उपाध्यक्ष रमेश बिष्ट, कोषाध्यक्ष कलेन्द्र सेजुवाल, पूर्वमहासचिव पोषण केसी तथा महासंघका लुम्बिनी प्रदेश अध्यक्ष वसन्त गिरीलगायत हुनुहुन्थ्यो ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**यौन हिंसाबाट बचौं र बचाऔं ।**
➢ यौनजन्य हिंसा सामाजिक अपराध हो ।
➢ यस्तो हिंसा छिमेकी, आफन्त र नातेदारबाट समेत हुनसक्छ ।
➢ अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं ।
➢ उनीहरुको चालचलन, बानी व्यवहारमा अस्वभाविक परिवर्तन आएको हुनसक्छ ।
➢ त्यस्तो पाइए तत्काल उनीहरुसँग कुरा गरौं ।
➢ बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*